
# ख. आर्थिक क्रियाकलाप

१. कूल आर्थिक क्रियाकलाप दर
२. पुरुषहरुको आर्थिक क्रियाकलाप दर
३. महिलाहरुको आर्थिक क्रियाकलाप दर
४. आर्थिक दृष्टिले क्रियाशील महिला र पुरुषको अनुपात
५. आर्थिक दृष्टिले क्रियाशील युवती-युवकको अनुपात
६. परिवारद्वारा संचालित विभिन्न प्रकारका गैर-कृषि साना व्यवसायहरु
७. गैर-कृषि र कृषिसंग सम्बन्धित आर्थिक व्यवसायमा आर्थिक दृष्टिले क्रियाशील बयस्कहरुको अनुपात





# कूल आर्थिक क्रियाकलाप दर, २०५८⊕

आर्थिक क्रियाकलाप दर भन्नाले आर्थिक रूपले अक्सर क्रियाशील जनसंख्या र कूल जनसंख्याको अनुपातलाई जनाउँछ । जनसंख्याको लिङ्ग, उमेर समूह अर्थात् अन्य केही मापदण्डको आधारमा यो दर निकालिन्छ । नेपालमा जनगणना नै आर्थिक दृष्टिले क्रियाशील जनसंख्याको तथ्याङ्कको मुख्य स्रोत हो । वि.सं. २०५८ को जनगणनामा सन्दर्भ अवधि अर्थात् गणनाको दिन भन्दा अधिल्लो एक वर्ष भित्र कम्तीमा ६ महिना अवधि (सन्दर्भ वर्ष भित्र लगातार वा पटक-पटक गरी) काम गरेको वा सक्रीय रूपमा कामको खोजी गरेको व्यक्तिलाई आर्थिक दृष्टिले अक्सर क्रियाशील जनसंख्यामा गणना गरिएको छ । यस पटकको गणनामा आर्थिक कामको खोजीमा सक्रीय रहेका र बिस्तारित आर्थिक कामहरू गरेका व्यक्तिहरूलाई पनि आर्थिक दृष्टिले क्रियाशील जनसंख्यामा गणना गरिएको छ (परिचय खण्डमा हेर्नु होस्) । जनगणनाको सन्दर्भमा १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील जनसंख्या र उही उमेर समूहका कूल जनसंख्याको प्रतिशतमा व्यक्त अनुपातलाई नै आर्थिक दृष्टिले अक्सर क्रियाशील दर वा आर्थिक क्रियाकलाप दर भनिन्छ । यस दरले १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका व्यक्तिहरूको आर्थिक क्रियाशीलता सम्बन्धी विवरण दिने भएकोले यसलाई परिष्कृत आर्थिक क्रियाकलाप दर पनि भनिन्छ ।

वि.सं. २०५८ को जनगणनाको नतीजा अनुसार १० वर्ष वा सो भन्दा माथि उमेर समूहका ९७ लाख ६१ हजार ४ सय ९७ जना आर्थिक दृष्टिले अक्सर क्रियाशील थिए । यस नतीजा अनुसार देशको कूल आर्थिक क्रियाकलाप दर ५८.२१ प्रतिशत थियो । जिल्लागत रुपमा सबैभन्दा कम आर्थिक क्रियाकलाप दर बारामा (४७.४२ प्रतिशत) र सबैभन्दा बढी क्रियाकलाप दर मुगुमा ( ८१.१५ प्रतिशत) थियो । सबै जिल्लाहरूको कूल आर्थिक क्रियाकलाप दरलाई राष्ट्रिय मान (५८.२१ प्रतिशत) संग तुलना गर्दा २६ जिल्लाहरूमा यो दर राष्ट्रिय मान भन्दा कम र ४९ जिल्लाहरूमा उच्च थियो ।

**तालिका क.२३**

| जिल्ला | शहरी पुरुष-महिला अनुपात | जिल्ला | शहरी पुरुष-महिला अनुपात | जिल्ला | शहरी पुरुष-महिला अनुपात |
|---|---|---|---|---|---|
| ईलाम | १०५.३८ | दैलेख | ९३.०५ | महोत्तरी | ११०.७० |
| उदयपुर | १००.२० | दोलखा• | ९५.७७ | मोरङ्ग | ११०.९५ |
| कञ्चनपुर | १०४.१० | धनकुटा | ९९.८५ | रुपन्देही | १०५.३६ |
| कपिलबस्तु | १०८.०९ | धनुषा | ११७.६७ | रौतहट | १११.२६ |
| काठमाण्डौ | ११५.३८ | नवलपरासी | १०४.६१ | ललितपुर | १०७.६६ |
| काभ्रेपलाञ्चोक | ९६.५७ | नुवाकोट | ९५.२६ | सप्तरी | ११४.४५ |
| कास्की | १००.४० | पर्सा | ११८.३० | सर्लाही | १०८.९१ |
| कैलाली | १०६.१८ | पाल्पा | ९९.७९ | स्याङ्जा | ८४.९३ |
| गोरखा | ९१.२४ | बर्दिया | १०६.८० | संखुवासभा | ९५.४३ |
| चितवन | १०३.९५ | बाग्लुङ्ग | ९२.८४ | सिन्धुली• | ९९.६२ |
| झापा• | १०१.५६ | बाँके | ११०.८० | सिराहा• | १०७.२६ |
| डडेलधुरा | ९४.६६ | बारा | १११.७५ | सुनसरी | ९९.२३ |
| डोटी | १०२.९३ | बैतडी | ९०.१४ | सुर्खेत• | १०२.५८ |
| तनहूँ | ९०.९० | भक्तपुर | १०४.३५ | | |
| दाङ्ग | ९९.६५ | मकवानपुर | १०६.५१ | | |


• यी अङ्कहरू गणना भएको जनसंख्यामा मात्र आधारित छन्, किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# कुल आर्थिक क्रियाकलाप दर



**१० वर्ष र सो भन्दा माथि उमेरका कुल जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय क्रियाशील जनसंख्या प्रतिशतमा**




आधार नक्सा : स्थलरूप नक्सा (१:५०,०००)
नापी विभाग, २०५४
तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

मान नाप १ : ३,५००,०००
किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

# पुरुषहरूको आर्थिक क्रियाकलाप दर, २०५८⊕

लिङ्ग अनुसार आर्थिक रूपले क्रियाशील जनसंख्या देशको जनशक्तिको आकार, वितरण र संरचना निर्धारण गर्ने तत्वको अध्ययन गर्ने एउटा महत्वपूर्ण सूचक हो । यो जनसंख्याको आकार, वितरण तथा संरचनासंग सम्बन्धित छ । यस सूचकलाई योजना तर्जुमा तथा विविध आर्थिक क्रियाकलापहरूको लागि आवश्यक पर्ने जनशक्तिको अनुमान गर्नका लागि प्रयोग गरिन्छ । पुरुषहरूको आर्थिक क्रियाकलाप दर भन्नाले १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील पुरुषहरूको जनसंख्या र उही उमेर समूहका कूल पुरुषहरूको जनसंख्याको अनुपातलाई जनाउँछ । यस सूचकलाई प्रतिशतमा ब्यक्त गरिन्छ ।

वि.स. २०५८ को जनगणनाको नतीजा अनुसार १० वर्ष वा सो भन्दा माथि उमेर समूहका ८३ लाख ३० हजार ५ सय ९७ जना पुरुष जनसंख्या मध्ये उही उमेर समूहका ५६ लाख ३१ हजार ७ सय २३ जना पुरुषहरू आर्थिक दृष्टिले अक्सर क्रियाशील थिए । यस नतीजा अनुसार देशको पुरुषहरूको आर्थिक क्रियाकलाप दर ६७.६० प्रतिशत थियो । जिल्लागत रुपमा पुरुषहरूको आर्थिक क्रियाकलाप दर सबैभन्दा कम स्याङ्जामा (५७.४७ प्रतिशत) र सबैभन्दा बढी मुस्ताङ्गमा (८०.१८ प्रतिशत) थियो । सबै जिल्लाहरूको पुरुषहरूको आर्थिक क्रियाकलाप दरलाई राष्ट्रिय मान (६७.६० प्रतिशत) संग तुलना गर्दा ३४ जिल्लाहरूमा यो दर राष्ट्रिय मान भन्दा कम र ४१ जिल्लाहरूमा उच्च थियो ।

तालिका क.२४

| जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १७४.६८ | चितवन | १७०.७४ | धनुषा | ५१६.८६ | बैतडी | १४७.५९ | रौतहट | ४७०.५९ |
| अछाम | १३७.६७ | जाजरकोट | ६०.४८ | धादिङ्ग | १७५.८३ | भक्तपुर | १०३७.८५ | लमजुङ्ग | १०४.७० |
| ईलाम | १५९.०२ | जुम्ला• | ३५.३३ | नवलपरासी | २५३.९६ | भोजपुर | १३४.७२ | ललितपुर | ४७२.६१ |
| उदयपुर | १३३.३२ | झापा• | ३९८.८१ | नुवाकोट | २४५.७७ | मकवानपुर | १३६.२९ | सप्तरी | ३९९.६४ |
| ओखलढुङ्गा | १४५.९१ | डडेलधुरा | ७७.०३ | पर्वत | ३१९.४९ | मनाङ्ग | ४.२७ | सल्यान• | १४६.०३ |
| कञ्चनपुर | २०६.४७ | डोटी | ९४.८२ | पर्सा | २८८.८८ | महोत्तरी | ५३८.७० | सर्लाही | ४९३.९३ |
| कपिलबस्तु | २६७.४१ | डोल्पा• | ३.७५ | पाल्पा | १८३.६२ | म्याग्दी | ४९.८२ | स्याङ्जा | २५२.३३ |
| काठमाण्डौ | १११६.०१ | तनहूँ | १९३.१३ | पाँचथर | १६२.८२ | मुगु• | १२.४३ | संखुवासभा | ४०.५५ |
| काभ्रेपलाञ्चोक | २४७.११ | ताप्लेजुङ्ग | ३६.९४ | प्यूठान | १६२.३३ | मुस्ताङ्ग | ४.१९ | सिन्धुपाल्चोक• | १२०.३२ |
| कालीकोट• | ६०.६४ | तेह्रथुम | १६६.५८ | बझाङ्ग | ४८.८१ | मोरङ्ग | ३७६.५९ | सिन्धुली• | १०८.१८ |
| कास्की | ९७.०४ | दाङ्ग | १३८.२१ | बर्दिया | १७४.४४ | रसुवा | २८.९७ | सिराहा• | ४५५.२१ |
| कैलाली | १६६.६१ | दार्चुला | ५२.५४ | बाग्लुङ्ग | १४०.५१ | रामेछाप | १३७.३९ | सुनसरी | ४२७.८६ |
| खोटाङ्ग | १४५.४३ | दैलेख | १४३.३८ | बाँके | १४१.२४ | रुकुम | ६५.५० | सुर्खेत• | १०६.४३ |
| गुल्मी | २५८.१८ | दोलखा• | ८५.७६ | बाजुरा• | ४९.७२ | रुपन्देही | ४६२.६४ | सोलुखुम्बू | ३२.५१ |
| गोरखा | ७३.९१ | धनकुटा | १७३.०१ | बारा | ४४९.९३ | रोल्पा | १११.७६ | हुम्ला | ७.१८ |


* यी अङ्कहरू गणना भएको जनसंख्यामा मात्र आधारित छन्, किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# पुरुषहरूको आर्थिक क्रियाकलाप दर



१० वर्ष र सो भन्दा माथि उमेरका कुल पुरुषहरूको जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय क्रियाशील पुरुषहरूको जनसंख्या प्रतिशतमा



**संकेत**

१० वर्ष र सो भन्दा माथिका आर्थिक दृष्टिले सक्रिय क्रियाशील पुरुषहरूको प्रतिशत

- ७५.०० भन्दा माथि
- ७०.०१ - ७५.००
- ६५.०१ - ७०.००
- ६०.०१ - ६५.००
- ६०.०० सम्म

अधिकतम : मुगु ८०.१८%

न्यूनतम : स्याङ्जा ५७.१७%

आधार नक्सा : प्रशासन नक्सा (१:५०,००,०००)
नापी विभाग, २०५५

तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

मान माप १ : ३५,००,०००

० १० २० ४० ६० ८० किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD MENRIS 2003

# महिलाहरूको आर्थिक क्रियाकलाप दर, २०५८⊕

वि.सं. २०५८ को राष्ट्रिय जनगणनामा गणनाको सम्बधित प्रश्नावलीमा सुधार गरेर महिलाहरूको आर्थिक क्रियाकलापहरूलाई राम्रोसंग चित्रण गर्ने प्रयास गरिएको थियो । गणनाको प्रश्नावलीमा बिस्तारित आर्थिक क्रियाकलापहरूलाई समेटिनुका साथै महिलाहरूद्वारा संचालन गरिने क्रियाकलापहरूलाई बढी प्रमुखता दिइएको थियो (परिचय खण्डमा हेर्नु होस्) । यस सन्दर्भमा औपचारिक आर्थिक क्रियाकलापहरूमा महिलाहरूको भूमिका पनि महत्वपूर्ण ढङ्गबाट बढ्दै गएको छ । महिलाहरूको आर्थिक क्रियाकलाप दर भन्नाले १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील महिलाहरूको जनसंख्या र उही उमेर समूहका कूल महिलाहरूको जनसंख्याको अनुपातलाई जनाउँछ । यस सूचकलाई प्रतिशतमा ब्यक्त गरिन्छ ।

वि.सं. २०५८ को जनगणनाको नतीजा अनुसार १० वर्ष वा सो भन्दा माथि उमेर समूहका ८४ लाख ३९ हजार ६ सय ९८ जना महिला जनसंख्या मध्ये उही उमेर समूहका ४१ लाख २९ हजार ७ सय ७४ जना महिलाहरू आर्थिक दृष्टिले अक्सर क्रियाशील थिए । यस नतीजा अनुसार देशको महिलाहरूको आर्थिक क्रियाकलाप दर ४८.९३ प्रतिशत थियो । जिल्लागत रुपमा महिलाहरूको आर्थिक क्रियाकलाप दर सबैभन्दा कम बारामा (२२.९६ प्रतिशत) र सबैभन्दा बढी मुगुमा (८४.७८ प्रतिशत) थियो । यस्तै सबै जिल्लाहरूको महिलाहरूको आर्थिक क्रियाकलाप दरलाई राष्ट्रिय मान (४८.९३ प्रतिशत) संग तुलना गर्दा २३ जिल्लाहरूमा यो दर राष्ट्रिय मान भन्दा कम र ५२ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा उच्च थियो ।

तालिका क.२४

| जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १७४.६८ | चितवन | १७०.७४ | धनुषा | ५१६.८६ | बैतडी | १४७.५९ | रौतहट | ४७०.५९ |
| अछाम | १३७.६७ | जाजरकोट | ६०.४८ | धादिङ्ग | १७५.८३ | भक्तपुर | १०३७.८५ | लमजुङ्ग | १०४.७० |
| ईलाम | १५९.०२ | जुम्ला* | ३५.३३ | नवलपरासी | २५३.९६ | भोजपुर | १३४.७२ | ललितपुर | ४७२.६१ |
| उदयपुर | १३३.३२ | झापा* | ३९८.८१ | नुवाकोट | २४५.७७ | मकवानपुर | १३६.२९ | सप्तरी | ३९९.६४ |
| ओखलढुङ्गा | १४५.९१ | डडेलधुरा | ७७.०३ | पर्वत | ३१९.४९ | मनाङ्ग | ४.२७ | सल्यान* | १४६.०३ |
| कञ्चनपुर | २०६.४७ | डोटी | ९४.८२ | पर्सा | २८८.८८ | महोत्तरी | ५३८.७० | सर्लाही | ४९३.९३ |
| कपिलबस्तु | २६७.४१ | डोल्पा* | ३.७५ | पाल्पा | १८३.६२ | म्याग्दी | ४९.८२ | स्याङ्जा | २५२.३३ |
| काठमाण्डौ | १११६.०१ | तनहूँ | १९३.१३ | पाँचथर | १६२.८२ | मुगु* | १२.४३ | संखुवासभा | ४०.५५ |
| काभ्रेपलाञ्चोक | २४७.११ | ताप्लेजुङ्ग | ३६.९४ | प्यूठान | १६२.३३ | मुस्ताङ्ग | ४.१९ | सिन्धुपाल्चोक* | १२०.३२ |
| कालीकोट* | ६०.६४ | तेह्रथुम | १६६.५८ | बझाङ्ग | ४८.८१ | मोरङ्ग | ३७६.५९ | सिन्धुली* | १०८.१८ |
| कास्की | ९७.०४ | दाङ्ग | १३८.२१ | बर्दिया | १७४.४४ | रसुवा | २८.९७ | सिराहा* | ४५५.२१ |
| कैलाली | १६६.६१ | दार्चुला | ५२.५४ | बाग्लुङ्ग | १४०.५१ | रामेछाप | १३७.३९ | सुनसरी | ४२७.८६ |
| खोटाङ्ग | १४५.४३ | दैलेख | १४३.३८ | बाँके | १४१.२४ | रुकुम | ६५.५० | सुर्खेत* | १०६.४३ |
| गुल्मी | २५८.१८ | दोलखा* | ८५.७६ | बाजुरा* | ४९.७२ | रुपन्देही | ४६२.६४ | सोलुखुम्बू | ३२.५१ |
| गोरखा | ७३.९१ | धनकुटा | १७३.०१ | बारा | ४४९.९३ | रोल्पा | १११.७६ | हुम्ला | ७.१८ |


* यी जिल्लाहरूको गणना भएको जनसंख्यामा मात्र आधारित छन्, किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# महिलाहरूको आर्थिक क्रियाकलाप दर



१० वर्ष र सो भन्दा माथि उमेरका कुल महिलाहरूको जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय क्रियाशील महिलाहरूको जनसंख्या प्रतिशतमा



**संकेत**

१० वर्ष र सो भन्दा माथिका आर्थिक दृष्टिले सक्रिय क्रियाशील महिलाहरूको प्रतिशत

- ७०.०० भन्दा माथि
- ६०.०१ - ७०.००
- ५०.०१ - ६०.००
- ४०.०१ - ५०.००
- ४०.०० सम्म

अधिकतम : मुगु ८४.७८%

न्यूनतम : बारा २२.९६%

किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

# आर्थिक दृष्टिले क्रियाशील महिला र पुरुषको अनुपात, २०५८⊕

आर्थिक विकास सम्बन्धी आँकडाले महत्वपूर्ण आर्थिक सूचकहरू प्रदान गर्दछ । भरपर्दो श्रम नीतिहरूको लागि ढाँचा अर्थात्  रूपरेखा तयार गर्न, उत्पादन सम्बन्धी योजनाहरू तर्जुमा गर्न साथै सामाजिक कल्याणका नीतिहरू लागू गर्ने जस्ता क्रियाकलापहरू तबसम्म सम्भव हुँदैन, जबसम्म आर्थिक सूचकहरू जस्ता तथ्याङ्कहरूबारे ज्ञान हुँदैन । १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील महिला र पुरुषको अनुपातले आर्थिक सहभागितामा लैंङ्गिक विभेदलाई प्रकाश पार्दछ । साथै यस सूचकले आर्थिक क्रियाकलापहरूमा तुलनात्मक रुपले पुरुषहरूको भन्दा महिलाहरूको सहभागिताको अवस्थालाई चित्रण गर्दछ ।

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको १० वर्ष वा सो भन्दा माथिका उमेर समूहका आर्थिक दृष्टिले क्रियाशील जनसंख्या ९७ लाख ६१ हजार ४ सय ९७  थियो, जस मध्ये पुरुषहरू ५६ लाख ३१ हजार ७ सय २३ (५७.६९ प्रतिशत) र महिलाहरू ४१ लाख २९ हजार ७ सय ७४ (४२.३१ प्रतिशत) थिए । यस तथ्याङ्कको आधारमा आर्थिक दृष्टिले क्रियाशील महिलाहरू र पुरुषहरूको अनुपात ०.७३ थियो । अर्को शब्दमा प्रत्येक १०० जना आर्थिक दृष्टिले क्रियाशील पुरुषहरूमा ७३ जना आर्थिक दृष्टिले क्रियाशील महिलाहरू थिए । जिल्लागत रुपमा आर्थिक दृष्टिले महिलाहरू र पुरुषहरूको सबैभन्दा कम अनुपात बारामा (०.३०) र सबैभन्दा बढी अनुपात गुल्मीमा (१.३३) थियो । सबै जिल्लाहरूको महिला पुरुषहरूको अनुपातलाई देशको अनुपात ( ०.७३) संग तुलना गर्दा २४ जिल्लाहरूमा यो अनुपात राष्ट्रिय मान भन्दा कम र ५१ जिल्लाहरूमा उच्च थियो ।

तालिका क.२४

| जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १७४.६८ | चितवन | १७०.७४ | धनुषा | ५१६.८६ | बैतडी | १४७.५९ | रौतहट | ४७०.५९ |
| अछाम | १३७.६७ | जाजरकोट | ६०.४८ | धादिङ्ग | १७५.८३ | भक्तपुर | १०३७.८५ | लमजुङ्ग | १०४.७० |
| ईलाम | १५९.०२ | जुम्ला* | ३५.३३ | नवलपरासी | २५३.९६ | भोजपुर | १३४.७२ | ललितपुर | ४७२.६१ |
| उदयपुर | १३३.३२ | झापा* | ३९८.८१ | नुवाकोट | २४५.७७ | मकवानपुर | १३६.२९ | सप्तरी | ३९९.६४ |
| ओखलढुङ्गा | १४५.९१ | डडेलधुरा | ७७.०३ | पर्वत | ३१९.४९ | मनाङ्ग | ४.२७ | सल्यान* | १४६.०३ |
| कञ्चनपुर | २०६.४७ | डोटी | ९४.८२ | पर्सा | २८८.८८ | महोत्तरी | ५३८.७० | सर्लाही | ४९३.९३ |
| कपिलबस्तु | २६७.४१ | डोल्पा* | ३.७५ | पाल्पा | १८३.६२ | म्याग्दी | ४९.८२ | स्याङ्जा | २५२.३३ |
| काठमाण्डौ | १११६.०१ | तनहूँ | १९३.१३ | पाँचथर | १६२.८२ | मुगु* | १२.४३ | संखुवासभा | ४०.५५ |
| काभ्रेपलाञ्चोक | २४७.११ | ताप्लेजुङ्ग | ३६.९४ | प्यूठान | १६२.३३ | मुस्ताङ्ग | ४.१९ | सिन्धुपाल्चोक* | १२०.३२ |
| कालीकोट* | ६०.६४ | तेह्रथुम | १६६.५८ | बझाङ्ग | ४८.८१ | मोरङ्ग | ३७६.५९ | सिन्धुली* | १०८.१८ |
| कास्की | ९७.०४ | दाङ्ग | १३८.२१ | बर्दिया | १७४.४४ | रसुवा | २८.९७ | सिराहा* | ४५५.२१ |
| कैलाली | १६६.६१ | दार्चुला | ५२.५४ | बाग्लुङ्ग | १४०.५१ | रामेछाप | १३७.३९ | सुनसरी | ४२७.८६ |
| खोटाङ्ग | १४५.४३ | दैलेख | १४३.३८ | बाँके | १४१.२४ | रुकुम | ६५.५० | सुर्खेत* | १०६.४३ |
| गुल्मी | २५८.१८ | दोलखा* | ८५.७६ | बाजुरा* | ४९.७२ | रुपन्देही | ४६२.६४ | सोलुखुम्बू | ३२.५१ |
| गोरखा | ७३.९१ | धनकुटा | १७३.०१ | बारा | ४४९.९३ | रोल्पा | १११.७६ | हुम्ला | ७.१८ |


* यी अङ्कहरू गणना भएको जनसङ्ख्यामा मात्र आधारित छन्, किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# आर्थिक दृष्टिले क्रियाशील महिला र पुरुषको अनुपात



१० वर्ष र सो भन्दा माथि उमेरका आर्थिक दृष्टिले अक्सर क्रियाशील महिलाहरू र पुरुषहरूको अनुपात




आधार नक्सा : स्थलरूप नक्सा (१:५०,०००)
नापी विभाग, २०५४

तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

मान नाप १ : [illegible]

किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

## आर्थिक दृष्टिले क्रियाशील युवती-युवकको अनुपात, २०५८⊕

राष्ट्रको आर्थिक विकासमा युवा जनसंख्या (१५ देखि २४ वर्षसम्मका युवा-युवतीहरू) को योगदानले महत्वपूर्ण भूमिका खेल्दछ । १५ देखि २४ वर्ष उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील युवा महिला र पुरुषको अनुपातले उक्त उमेर समूहको जनसंख्यामा आर्थिक सहभागितामा लैंङ्गिक भिन्नतालाई इंगित गर्दछ ।

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको १५ देखि २४ वर्ष उमेर समूहका आर्थिक दृष्टिले क्रियाशील युवा जनसंख्या २२ लाख ७० हजार ८ सय ८५ थियो, जसमध्ये पुरुषहरू ११ लाख ९२ हजार ३ सय ५९ (५२.५१ प्रतिशत) र महिलाहरू १० लाख ७८ हजार ५ सय २६ (४७.४९ प्रतिशत) थिए । १० वर्ष र सो भन्दा माथिका उमेर समूहका कूल आर्थिक दृष्टिले क्रियाशील जनसंख्यामा भन्दा कूल आर्थिक दृष्टिले क्रियाशील युवा जनसंख्यामा लैंङ्गिक भिन्नता निकै कम छ । नेपालको १५ देखि २४ वर्ष उमेर समूहका आर्थिक दृष्टिले अक्सर क्रियाशील युवा महिला र पुरुषको अनुपात समग्रमा ०.९० थियो । अर्को शब्दमा प्रत्येक १०० जना आर्थिक दृष्टिले क्रियाशील युवा पुरुषहरूमा ९० जना आर्थिक दृष्टिले क्रियाशील युवा महिलाहरू थिए । जिल्लागत रुपमा आर्थिक दृष्टिले युवा महिलाहरू र पुरुषहरूको सबैभन्दा कम अनुपात बारामा (०.३१) र सबैभन्दा बढी अनुपात गुल्मीमा (२.०४) थियो । सबै जिल्लाहरूको युवा महिला र पुरुषको अनुपातलाई देशको अनुपात (०.९०) संग तुलना गर्दा २३ जिल्लाहरूमा राष्ट्रिय मान भन्दा कम र ५२ जिल्लाहरूमा बढी थियो ।

तालिका क.२४

| जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व | जिल्ला | ग्रामीण जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १७४.६८ | चितवन | १७०.७४ | धनुषा | ५१६.८६ | बैतडी | १४७.५९ | रौतहट | ४७०.५९ |
| अछाम | १३७.६७ | जाजरकोट | ६०.४८ | धादिङ | १७५.८३ | भक्तपुर | १०३७.८५ | लमजुङ | १०४.७० |
| ईलाम | १५९.०२ | जुम्ला• | ३५.३३ | नवलपरासी | २५३.९६ | भोजपुर | १३४.७२ | ललितपुर | ४७२.६१ |
| उदयपुर | १३३.३२ | झापा• | ३९८.८१ | नुवाकोट | २४५.७७ | मकवानपुर | १३६.२९ | सप्तरी | ३९९.६४ |
| ओखलढुङ्गा | १४५.९१ | डडेलधुरा | ७७.०३ | पर्वत | ३१९.४९ | मनाङ | ४.२७ | सल्यान• | १४६.०३ |
| कञ्चनपुर | २०६.४७ | डोटी | ९४.८२ | पर्सा | २८८.८८ | महोत्तरी | ५३८.७० | सर्लाही | ४९३.९३ |
| कपिलबस्तु | २६७.४१ | डोल्पा• | ३.७५ | पाल्पा | १८३.६२ | म्याग्दी | ४९.८२ | स्याङ्जा | २५२.३३ |
| काठमाण्डौ | १११६.०१ | तनहूँ | १९३.१३ | पाँचथर | १६२.८२ | मुगु• | १२.४३ | संखुवासभा | ४०.५५ |
| काभ्रेपलाञ्चोक | २४७.११ | ताप्लेजुङ | ३६.९४ | प्यूठान | १६२.३३ | मुस्ताङ | ४.१९ | सिन्धुपाल्चोक• | १२०.३२ |
| कालीकोट• | ६०.६४ | तेह्रथुम | १६६.५८ | बझाङ | ४८.८१ | मोरङ | ३७६.५९ | सिन्धुली• | १०८.१८ |
| कास्की | ९७.०४ | दाङ | १३८.२१ | बर्दिया | १७४.४४ | रसुवा | २८.९७ | सिराहा• | ४५५.२१ |
| कैलाली | १६६.६१ | दार्चुला | ५२.५४ | बाग्लुङ | १४०.५१ | रामेछाप | १३७.३९ | सुनसरी | ४२७.८६ |
| खोटाङ | १४५.४३ | दैलेख | १४३.३८ | बाँके | १४१.२४ | रुकुम | ६५.५० | सुर्खेत• | १०६.४३ |
| गुल्मी | २५८.१८ | दोलखा• | ८५.७६ | बाजुरा• | ४९.७२ | रुपन्देही | ४६२.६४ | सोलुखुम्बू | ३२.५१ |
| गोरखा | ७३.९१ | धनकुटा | १७३.०१ | बारा | ४४९.९३ | रोल्पा | १११.७६ | हुम्ला | ७.१८ |


• यी अङ्कहरू गणना भएको जनसङ्ख्यामा मात्र आधारित छन्, किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-व्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# आर्थिक दृष्टिले क्रियाशील युवती - युवकको अनुपात



१५ देखि २४ वर्ष उमेर समूहका आर्थिक दृष्टिले अवसर क्रियाशील युवा महिला र पुरुषको अनुपात, २०५८



संकेत

आर्थिक दृष्टिले क्रियाशील महिला र पुरुष (१५देखि २४ वर्षका) को अनुपात

- १.२० भन्दा माथि
- १.०१ - १.२०
- ०.८१ - १.००
- ०.६१ - ०.८०
- ०.६० सम्म

अधिकतम : गुल्मी २.०१

न्यूनतम : बारा ०.३१

तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003

## परिवारद्वारा संचालित विभिन्न प्रकारका गैर-कृषि साना व्यवसायहरू, २०५८

जनगणना २०५८ को परिभाषा अनुसार गैर-कृषि साना आर्थिक व्यवसाय भन्नाले कृषि कार्य बाहेक परिवारको मूली वा कुनै सदस्यले संचालन गरेको (जस्तै नगद, जिन्सी, श्रम लगानी गरी संचालन गरेको, तर नियमित रुपले तलब वा ज्याला दिई अरु कसैलाई नलगाएको), परिवारको आयमा कुनै प्रकारले सघाउ पुग्ने, छुट्टै व्यवसायका रूपमा पहिचान नभएको (कुनै सरकारी, गैर-सरकारी वा स्थानीय कार्यालयमा दर्ता नभएको) व्यवसायलाई बुझाउँछ । व्यवसायमा उत्पादन भएको बस्तु परिवारको उपभोगको लागि वा बिक्रीको लागि वा दुबै हुन सक्तछ । तर व्यवसायको उत्पादन सेवा भए बजारमा बिक्री गर्ने उद्देश्यले संचालन भएको व्यवसायलाई मात्र गणनामा समावेश गरिएको थियो भने, परिवारको उपभोगका लागि मात्र उत्पादन भएको सेवालाई गणनामा समावेश गरिएको थिएन । यस गणनामा गैर-कृषि साना आर्थिक व्यवसायलाई ५ वटा समूहहरू जस्तै साना उद्योग, ब्यापार, यातायात, सेवा र 'अन्य' व्यवसायमा वर्गीकरण गरी सूचना संकलन गरिएको थियो । सम्पूर्ण गैर-कृषि साना आर्थिक व्यवसाय संचालन गरेको घरपरिवारहरू मध्ये माथि उल्लेखित प्रत्येक व्यवसाय संचालन गरेका परिवारहरू (जस्तै: साना उद्योग संचालन गरेका परिवारहरू) को प्रतिशत अंशलाई परिवारको आर्थिक क्रियाकलापको स्थिति झल्काउने सूचकको रूपमा यहाँ उल्लेख गरिएको छ ।

वि.सं. २०५८ को जनगणना अनुसार नेपालमा कूल ८ लाख ४० हजार १ सय २८ घरपरिवारहरूले कृषि बाहेकको साना आर्थिक व्यवसायहरू संचालन गरेका थिए, जसमध्ये ७.८० प्रतिशतले साना उद्योग, ३०.४४ प्रतिशतले ब्यापार ब्यवसाय, २.६७ प्रतिशतले यातायात, ३४.९८ प्रतिशतले सेवा ब्यवसाय र २४.१२ प्रतिशतले 'अन्य' साना ब्यवसायहरू संचालन गरेका थिए । तालिका ख.६(क) मा विभिन्न साना ब्यवसाय समूहहरूमा सबैभन्दा कम प्रतिशत परिवार भएको र सबैभन्दा बढी प्रतिशत परिवार भएको जिल्लाहरूको विवरण प्रस्तुत गरिएको छ । साथै तालिका ख.६ (ख) मा जिल्ला अनुसार विभिन्न साना ब्यवसाय समूहहरूमा परिवारको प्रतिशत देखाइएको छ ।

**तालिका ख. ६ (क)**

| साना ब्यवसायका विभिन्न समूहहरू | सबैभन्दा कम प्रतिशत भएका जिल्ला | सबैभन्दा बढी प्रतिशत भएका जिल्ला |
|---|---|---|
| साना उद्योग | कालीकोट (१.४१) | रोल्पा (३०.९२) |
| ब्यापार/ब्यवसाय | रोल्पा (१५.८२) | मुगु (४७.७९) |
| यातायात | खोटाङ्ग (०.०८) | मुस्ताङ्ग (५.८६) |
| सेवा | मुगु (२०.५९) | मुस्ताङ्ग (५५.१८) |
| अन्य ब्यवसाय | मनाङ्ग (५.९९) | कैलाली (४२.११) |

तालिका ख. ६ (ख)

| जिल्ला | साना उद्योग | व्यापार/ व्यवसाय | यातायात | सेवा | अन्य व्यवसाय | जिल्ला | साना उद्योग | व्यापार/ व्यवसाय | यातायात | सेवा | अन्य व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ६.५८ | ३४.११ | ०.५९ | ३७.०८ | २१.६३ | डडेलधुरा | ११.७२ | २८.२७ | ०.९७ | ३६.८४ | २२.२० |
| अछाम | ५.७५ | ४४.४५ | ०.४० | २९.२० | २०.१९ | डोटी | १२.४५ | २१.७८ | ०.८६ | ३३.८३ | ३१.०८ |
| ईलाम | ७.९७ | २८.३२ | २.५८ | ३३.६६ | २७.४६ | डोल्पा* | २९.४८ | २०.९७ | २.२८ | ३८.६० | ८.६६ |
| उदयपुर | ८.८० | २८.५३ | १.७५ | ३२.८६ | २८.०६ | तनहूँ | ४.८९ | ३७.५१ | १.८७ | ३४.७५ | २०.९८ |
| ओखलढुङ्गा | ९.४८ | १६.७३ | ०.२५ | ५२.९३ | २०.६१ | ताप्लेजुङ्ग | ६.७७ | २९.७४ | १.२५ | ४५.०० | १७.२४ |
| कञ्चनपुर | ४.७८ | ३४.०५ | २.८३ | २९.६० | २८.७४ | तेह्रथुम | १०.४९ | १९.५७ | ०.४६ | ४६.७८ | २२.६९ |
| कपिलबस्तु | ४.९० | २६.२९ | २.१० | ३०.९९ | ३५.७२ | दाङ्ग | ९.८७ | ३०.७५ | २.८७ | ३६.९७ | १९.५४ |
| काठमाण्डौ | ८.४१ | ४१.८५ | ३.५४ | ३३.०७ | १३.१३ | दार्चुला | २७.३० | २२.९० | ३.३४ | ३७.९२ | ८.५४ |
| काभ्रेपलाञ्चोक | ९.९६ | २७.१३ | ३.३९ | ४१.४७ | १८.०५ | दैलेख | १०.७३ | ३५.८६ | ०.३१ | ३५.९५ | १७.१५ |
| कालीकोट* | १.४१ | ३०.२३ | ०.०० | २८.२५ | ४०.११ | दोलखा* | १०.४९ | २४.५१ | १.२५ | ४१.१३ | २२.६३ |
| कास्की | ६.८३ | ३१.९० | ३.४२ | ४३.७१ | १४.१५ | धनकुटा | ७.१४ | ३२.११ | ०.४७ | ३४.३६ | २५.९१ |
| कैलाली | ४.०१ | ३०.६७ | २.१८ | २१.०४ | ४२.११ | धनुषा | ७.५० | २८.५८ | २.७८ | ३५.४३ | २५.७ |
| खोटाङ्ग | ९.७५ | २४.२३ | ०.०८ | ४६.४८ | १९.४८ | धादिङ्ग | १०.५५ | ३५.१२ | २.७९ | ३०.३६ | २१.१७ |
| गुल्मी | ६.३५ | ३१.६४ | ०.८८ | ४४.९८ | १६.१५ | नवलपरासी | ७.३२ | ३०.९४ | २.९३ | ३४.४६ | २४.३५ |
| गोरखा | ६.०१ | ३१.७९ | ०.४८ | ३९.६२ | २२.१० | नुवाकोट | १४.६५ | २२.६२ | १.२२ | २८.२६ | ३३.२४ |
| चितवन | ५.९३ | ३६.०० | ४.४ | ३२.२९ | २१.३८ | पर्वत | ६.१३ | ३२.२२ | १.६८ | ४२.३३ | १७.६४ |
| जाजरकोट | २४.४२ | २८.०२ | ०.२३ | २६.२८ | २१.०५ | पर्सा | ५.७३ | ३४.३६ | ४.०८ | ३६.०४ | १९.७९ |
| जुम्ला* | १७.०५ | ४४.४६ | ३.५१ | २४.१९ | १०.७८ | पाल्पा | १२.३६ | २९.४७ | १.४९ | ३९.९७ | १६.७१ |
| झापा* | ३.७३ | २९.९७ | ३.५१ | २९.२८ | ३३.५१ | पाँचथर | ११.५२ | २५.६० | ०.७७ | ४०.२३ | २१.८९ |

*यी अङ्कहरु गणना भएको जनसंख्यामा मात्र आधारित छन् किनकी यी जिल्लाहरुको गणना कार्यमा बाधा-व्यवधान भएको थियो। (परिचय खण्डमा हेर्नु होस)

तालिका न. ६ (ख)


| जिल्ला | साना उद्योग | ब्यापार/ ब्यवसाय | यातायात | सेवा | अन्य ब्यवसाय | जिल्ला | साना उद्योग | ब्यापार/ ब्यवसाय | यातायात | सेवा | अन्य ब्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | ६.५८ | ३४.११ | ०.५९ | ३७.०८ | २१.६३ | डडेलधुरा | ११.७२ | २८.२७ | ०.९७ | ३६.८४ | २२.२० |
| अछाम | ५.७५ | ४४.४५ | ०.४० | २९.२० | २०.१९ | डोटी | १२.४५ | २१.७८ | ०.८६ | ३३.८३ | ३१.०८ |
| ईलाम | ७.९७ | २८.३२ | २.५८ | ३३.६६ | २७.४६ | डोल्पा* | २९.४८ | २०.९७ | २.२८ | ३८.६० | ८.६६ |
| उदयपुर | ८.८० | २८.५३ | १.७५ | ३२.८६ | २८.०६ | तनहूँ | ४.८९ | ३७.५१ | १.८७ | ३४.७५ | २०.९८ |
| ओखलढुङ्गा | ९.४८ | १६.७३ | ०.२५ | ५२.९३ | २०.६१ | ताप्लेजुङ्ग | ६.७७ | २९.७४ | १.२५ | ४५.०० | १७.२४ |
| कञ्चनपुर | ४.७८ | ३४.०५ | २.८३ | २९.६० | २८.७४ | तेह्रथुम | १०.४९ | ११.५७ | ०.४६ | ४६.७८ | २२.६९ |
| कपिलबस्तु | ४.९० | २६.२९ | २.१० | ३०.९९ | ३५.७२ | दाङ्ग | ९.८७ | ३०.७५ | २.८७ | ३६.९७ | १९.५४ |
| काठमाण्डौ | ८.४१ | ४१.८५ | ३.५४ | ३३.०७ | १३.१३ | दार्चुला | २७.३० | २२.९० | ३.३४ | ३७.९२ | ८.५४ |
| काभ्रेपलाञ्चोक | ९.९६ | २७.१३ | ३.३९ | ४१.४७ | १८.०५ | दैलेख | १०.७३ | ३५.८६ | ०.३१ | ३५.९५ | १७.१५ |
| कालीकोट* | १.४१ | ३०.२३ | ०.०० | २८.२५ | ४०.११ | दोलखा* | १०.४९ | २४.५१ | १.२५ | ४१.१३ | २२.६३ |
| कास्की | ६.८३ | ३१.९० | ३.४२ | ४३.७१ | १४.१५ | धनकुटा | ७.१४ | ३२.११ | ०.४७ | ३४.३६ | २५.९१ |
| कैलाली | ४.०१ | ३०.६७ | २.१८ | २१.०४ | ४२.११ | धनुषा | ७.५० | २८.५८ | २.७८ | ३५.४३ | २५.७ |
| खोटाङ्ग | ९.७५ | २४.२३ | ०.०८ | ४६.४८ | १९.४८ | धादिङ्ग | १०.५५ | ३५.१२ | २.७९ | ३०.३६ | २१.१७ |
| गुल्मी | ६.३५ | ३१.६४ | ०.८८ | ४४.९८ | १६.१५ | नवलपरासी | ७.३२ | ३०.९४ | २.९३ | ३४.४६ | २४.३५ |
| गोरखा | ६.०१ | ३१.७९ | ०.४८ | ३९.६२ | २२.१० | नुवाकोट | १४.६५ | २२.६२ | १.२२ | २८.२६ | ३३.२४ |
| चितवन | ५.९३ | ३६.०० | ४.४ | ३२.२९ | २१.३८ | पर्वत | ६.१३ | ३२.२२ | १.६८ | ४२.३३ | १७.६४ |
| जाजरकोट | २४.४२ | २८.०२ | ०.२३ | २६.२८ | २१.०५ | पर्सा | ५.७३ | ३४.३६ | ४.०८ | ३६.०४ | १९.७९ |
| जुम्ला* | १७.०५ | ४४.४६ | ३.५१ | २४.१९ | १०.७८ | पाल्पा | १२.३६ | २९.४७ | १.४९ | ३९.९७ | १६.७१ |
| झापा* | ३.७३ | २९.९७ | ३.५१ | २९.२८ | ३३.५१ | पाँचथर | ११.५२ | २५.६० | ०.७७ | ४०.२३ | २१.८९ |

*यी अङ्कहरु गणना भएको जनसंख्यामा मात्र आधारित छन् किनकी यी जिल्लाहरुको गणना कार्यमा बाधा-ब्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

# परिवारद्वारा संचालित विभिन्न प्रकारका गैर-कृषि साना व्यवसायहरु



गैर-कृषि साना व्यवसाय संचालन गरेका कुल परिवार संख्यामा कुनै निश्चित गैर-कृषि साना व्यवसाय संचालन गरेका परिवार संख्याको अनुपात प्रतिशतमा, २०५८




आधार नक्सा : स्थलरूप नक्सा
नापी विभाग
तथ्याङ्क स्रोत : राष्ट्रिय जनगणना २०५८

किलोमिटर

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS

# गैर-कृषि र कृषिसंग सम्बन्धित आर्थिक व्यवसायमा आर्थिक दृष्टिले क्रियाशील बयस्कहरूको अनुपात, २०५८⊕

कृषि तथा गैर-कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक क्रियाकलापहरूमा आधारित आर्थिक दृष्टिले क्रियाशील बयस्कहरूको अनुपात भन्नाले गैर-कृषि सम्बन्धी आर्थिक क्रियाकलापहरूमा संलग्न १५ वर्ष र सो भन्दा माथिको उमेर समूहको जनसंख्या र कृषिक्षेत्रसंग सम्बन्धित आर्थिक क्रियाकलापहरूमा संलग्न सोही उमेर समूहको जनसंख्याको अनुपातलाई जनाउँछ । जनगणना २०५८ अनुसार कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक व्यवसायहरूले (Industry) कृषि तथा वन, र माछापालन व्यवसायमा कामगर्ने व्यक्तिहरूलाई समेट्दछ भने गैर-कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक व्यवसायहरूले निम्न उल्लेखित व्यवसाय वर्गहरूमा काम गर्ने व्यक्तिहरूलाई समेट्दछ । १. खानी तथा उत्खनन् २. औद्योगिक/प्रशोधन उद्योग (उत्पादन कार्य तथा रिसाइक्लिङ्ग) ३. विद्युत, ग्याँस तथा पानी ४. निर्माण ५. थोक तथा खुद्रा ब्यापार ६. होटल तथा रेष्टुराँ ७. यातायात, गोदाम र सञ्चार ८. आर्थिक मध्यस्थता ९. रियल स्टेट, भाडा र ब्यावसायिक क्रियाकलापहरू १०. सार्वजनिक प्रशासन र सामाजिक सुरक्षा ११. शिक्षा १२. स्वास्थ्य र सामाजिक कार्य १३. अन्य सामुदायिक, सामाजिक तथा ब्यक्तिगत सेवा सम्बन्धी क्रियाकलापहरू १४. निजी परिवारका कामदारहरू १५. अन्तर्राष्ट्रिय संघ-संस्था र निकायहरू ।

जनगणना २०५८ को नतीजा अनुसार नेपालमा १५ वर्षदेखि माथिका उमेर समूहका आर्थिक दृष्टिले क्रियाशील बयस्क जनसंख्या ८५ लाख ७६ हजार ३ सय ८२ थियो, जसमध्ये ५६ लाख ५६ हजार ७ सय २३ जना कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक व्यवसायहरूमा (Industry) संलग्न थिए भने, २९ लाख १ हजार ३ सय ६७ जना गैर-कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक व्यवसायहरूमा संलग्न थिए । कूल १८ हजार २ सय ९२ जनाले आफु संलग्न ब्यवसायहरूको बारे उल्लेख गरेका थिएनन् । यस तथ्याङ्कको आधारमा देशमा गैर-कृषि आर्थिक ब्यवसायमा संलग्न बयस्क जनसंख्या र कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक ब्यवसायमा संलग्न जनसंख्याको अनुपात ०.५१ थियो । अर्को शब्दमा प्रत्येक १०० जना कृषि क्षेत्र सम्बन्धी ब्यवसायमा संलग्न आर्थिक दृष्टिले क्रियाशील जनसंख्यामा ५१ जना गैर कृषि क्षेत्रसंग सम्बन्धित आर्थिक ब्यवसायमा संलग्न आर्थिक दृष्टिले क्रियाशील जनसंख्या थिए । जिल्लागत रुपमा सबैभन्दा कम अनुपात हुम्लामा (०.०८) र सबैभन्दा बढी अनुपात काठमाण्डौमा (३.६९) थियो । सबै जिल्लाहरूको गैर-कृषि र कृषि क्षेत्र ब्यवसायमा लागेका बयस्क जनसंख्याको अनुपातलाई देशको समग्र अनुपात (०.५१) संग तुलना गर्दा ४० जिल्लाहरूमा यो अनुपात राष्ट्रिय मान भन्दा कम र ३५ जिल्लाहरूमा बढी थियो ।

**तालिका ख. ७**

| जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** | जिल्ला | अनुपात** |
|---|---|---|---|---|---|---|---|---|---|
| अर्घाखाँची | १.१७ | चितवन | १.१० | धनुषा | १.०५ | बैताडी | ०.२१ | रौतहट | ०.३८ |
| बझाग | १.१० | जाजरकोट | १.०६ | धादिङ्ग | ०.१८ | भक्तपुर | १.४८ | लमजुङ्ग | ०.२० |
| ईलाम | ०.३० | जुम्ला* | ०.१५ | नवलपरासी | ०.३९ | भोजपुर | ०.१२ | ललितपुर | १.८५ |
| उदयपुर | ०.४६ | झापा* | ०.८६ | नुवाकोट | ०.४० | मकवानपुर | ०.९२ | सप्तरी | ०.६२ |
| ओखलढुङ्गा | ०.१३ | डडेलधुरा | ०.२६ | पर्वत | ०.२६ | मनाङ्ग | १.४४ | सल्यान* | १.२४ |
| कञ्चनपुर | ०.३८ | डोटी | ०.४३ | पर्सा | ०.६२ | महोत्तरी | ०.४७ | सर्लाही | ०.५७ |
| कपिलवस्तु | ०.४० | डोल्पा* | १.१९ | पाल्पा | ०.५९ | म्याग्दी | ०.१९ | स्याङ्जा | ०.३५ |
| काठमाण्डौ | ३.६९ | तनहूँ | ०.४१ | पाँचथर | ०.१४ | मुगु* | ०.१२ | संखुवासभा | ०.२९ |
| काभ्रेपलाञ्चोक | ०.५६ | ताप्लेजुङ्ग | १.१४ | प्यूठान | ०.२९ | मुस्ताङ्ग | १.६४ | सिन्धुपाल्चोक* | १.१९ |
| कालीकोट* | २.४७ | तेह्रथुम | ०.२० | बझाङ्ग | ०.२६ | मोरङ्ग | ०.६८ | सिन्धुली* | ०.३५ |
| कास्की | ०.८९ | दाङ्ग | ०.६९ | बर्दिया | ०.४७ | रसुवा | ०.१८ | सिराहा* | ०.६४ |
| कैलाली | ०.४७ | दार्चुला | ०.१५ | बाग्लुङ्ग | ०.३५ | रामेछाप | १.१५ | सुनसरी | १.०५ |
| खोटाङ्ग | १.०८ | दैलेख | ०.२४ | बाँके | १.५९ | रुकुम | ०.२३ | सुर्खेत* | ०.८४ |
| गुल्मी | ०.२२ | दोलखा* | ०.४४ | बाजुरा* | १.११ | रुपन्देही | १.३५ | सोलुखुम्बू | १.१३ |
| गोरखा | ०.२७ | धनकुटा | ०.३९ | बारा | ०.६७ | रोल्पा | ०.१९ | हुम्ला | ०.०८ |


* यी आङ्कडा गणना भएको जनसंख्यामा मात्र आधारित छन् किनकी यी जिल्लाहरूको गणना कार्यमा बाधा-ब्यवधान भएको थियो । (परिचय खण्डमा हेर्नु होस्)

** १५ वर्ष र सो भन्दा माथि उमेरका गैर-कृषि ब्यवसायमा संलग्न जनसंख्याको अनुपात

⊕ छनौटमा परेका घरपरिवारबाट गणना गरिएको । छनौट तरीकाबारे परिचय खण्ड हेर्नु होस् ।

# गैर-कृषि र कृषिसंग सम्बन्धित आर्थिक व्यवसायमा आर्थिक दृष्टिले क्रियाशील वयस्कहरुको अनुपात ६

१५ वर्ष र सो भन्दा माथि उमेर समूहका गैर-कृषि र कृषि व्यवसायमा क्रियाशील जनसंख्याको अनुपात, २०५८



**संकेत**

गैर-कृषि र कृषि व्यवसायमा संलग्न जनसंख्याको अनुपात

- १.०० भन्दा माथि
- ०.८१ - १.००
- ०.५१ - ०.८०
- ०.३१ - ०.५०
- ०.३० सम्म

अधिकतम : काठमाण्डौ ३.६१

न्यूनतम : हुम्ला ०.०८

मान नाप १ : ३५,००,०००

किलोमिटर

| | |
|---|---|
| आधार नक्सा | प्रशासनिक नक्सा (१:५०,०००) नापी विभाग, २०५५ |
| तथ्याङ्क स्रोत | राष्ट्रिय जनगणना २०५८ |

श्री ५ को सरकार
केन्द्रीय तथ्याङ्क विभाग

ICIMOD
MENRIS 2003